संघीय संसद्

# राष्ट्रिय सभा

पाँचौं अधिवेशन

बैठक - २०

## सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ फागुन २० गते मङ्गलबार

---

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **बीसौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:-

**मा. अनिता देवकोटा**ले दाङ्ग घोराहीको एक स्थानको सार्वजनिक जग्गा सरकारले कौडीको भाउमा ने.क.पा. कार्यकर्तालाई दिएकोमा आपत्ति जनाउनुहुँदै उक्त निर्णय तत्काल खारेज गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. इन्दु कडरिया**ले जडिबुटीको संरक्षण, सम्बर्द्धन गरी औषधी उत्पादन गर्ने भन्ने सरकारको नीति तथा कार्यक्रमको सम्बन्धमा के भैरहेको छ भनी सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. उदया शर्मा पौडेल**ले दुई बर्षे कार्यकाल पूरा गरी विदाइ भएर जान लाग्नुभएका माननीय सदस्यहरुको उत्तरोत्तर प्रगति तथा सुखद भविष्यको कामना गर्नुभयो ।

**मा. कविता बोगटी**ले हुम्लाको ताक्लाकोटमा १५० जना बेवारिशे अवस्थामा रहेका मानिसहरुको सरकारले तत्काल क्वारेन्टाइन टेस्ट गरी उचित व्यवस्थापन गर्न माग गर्नुभयो ।

**मा. कोमल वली**ले राष्ट्रिय सभाका दुई बर्षे कार्यकाल पूरा गरी विदाइ भएर जान लाग्नुभएका माननीय सदस्यहरुको सम्मानमा शुभकामना सहितको कविता सुनाउनुभयो ।

**मा. खिम कुमार वि.क.**ले जातीय छुवाछुतलाई संविधान लगायत अन्य कानूनले दण्डनीय बनाए तापनि अझै जातीय भेदभाव र छुवाछुत कायमै रहेकोमा आपत्ति जनाउनुभयो ।

**मा. ठगेन्द्र प्रकाश पुरी**ले दुई बर्षे कार्यकाल कुशलतापूर्वक पूरा गरी विदाइ भएर जान लाग्नुभएका १९ जना माननीय सदस्यहरु प्रति हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

**मा. तारादेवी भट्ट**ले दुई बर्षे कार्यकाल पूरा गरी विदाइ भएर जान लाग्नुभएका माननीय सदस्यहरुको सुखद भविष्यको लागि शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ८६ को उपधारा (३) र राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम २०८ बमोजिम २ बर्षे कार्यकाल पुरा गरी विदाई हुन लाग्नु भएका देहायका माननीय सदस्यहरुलाई आफ्ना अनुभव लगायतका समसामयिक विषयमा बोल्नका लागि समय उपलब्ध गराउनु भयो ।

१. मा. कमला कुमारी ओली २. मा. काली बहादुर मल्ल ३. मा. खेमराज नेपाली

४. मा. धनकुमारी खतिवडा ५. मा. बद्री प्रसाद पाण्डे ६. मा. बलराम प्रसाद बास्कोटा

७. मा. मिना बुढा ८. मा. मुक्ता कुमारी यादव ९. मा. युटोल तामाङ्ग

१०. मा. रमेश प्रसाद यादव ११. मा. राजकुमार कुँवर १२. मा. विन्दादेवी आले राना

१३. मा. सरिता प्रसाई १४. मा. हरिचरण शिवाकोटी

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय सदस्यहरुको विदाईको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका देहायका नेताहरुलाई बोल्नको लागि समय दिनुभयो।

१. मा. दीनानाथ शर्मा २. मा. सुरेन्द्रराज पाण्डे

३. मा. वृषेश चन्द्र लाल ४. मा. प्रमिला कुमारी

तत्पश्चात् सम्माननीय अध्यक्षले दिगो विकास तथा सुशासन समितिका माननीय सभापति तारादेवी भट्टलाई "भौतिक पूर्वाधार तथा सुशासन सम्बन्धी अन्तरक्रिया कार्यक्रम एवं राष्ट्रिय महत्वका आयोजनाको अनुगमन र स्थानीय न्यायिक समितिको स्थलगत अनुगमन सम्बन्धी प्रतिवेदन, २०७६" लाई सभा समक्ष पेश गर्न अनुमति दिनुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम संख्या नं. २ लाई आजको कार्यसूचीबाट हटाएको व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई "पारमाणविक विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "पारमाणविक विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ८६ को उपधारा (३) र राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम २०८ बमोजिम २ बर्षे कार्यकाल पुरा गरी विदाई हुन लाग्नु भएका माननीय सदस्यहरुको विदाईको सन्दर्भमा सम्बोधन गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल फागुन २१ गते बुधबार दिनको १२:१५ बजे बस्ने गरी दिनको ४:५० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव